राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय

# नियुक्ति प्रदान गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।०८।११)

यस बैंकको पदपूर्ति समितिको निर्णयानुसार तपसिल बमोजिमका खुला बिज्ञापनहरुबाट निम्न तह र पदमा नियुक्तिका लागि सिफारिस भई मिति २०७४।०७।१० गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम नियुक्तिका लागि योग्यताक्रम सिफारिस गरिएका सफल उम्मेदवारहरुलाई निर्वाचन आयोगको सहमति अनुसार नियुक्ति प्रदान गरिने भएको हुनाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सफल उम्मेदवारहरुले नियुक्ति पत्र लिनकालागि नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त चिकित्सकबाट प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र, २ प्रति पासपोर्ट तथा २ प्रति अटो साईजको फोटो र नागरिकता तथा शैक्षिक योग्यताका प्रमाणपत्रका एक / एक प्रति प्रतिलिपिहरु नोटरी पब्लिकबाट प्रमाणित गराई यस बैंकको केन्द्रीय कार्यालय, मानव संशाधन विभागमा सम्पर्क राखी नियुक्ति पत्र बुझी लिनु हुन सम्वन्धित सबैलाई जानकारी गराइन्छ । साथै नियुक्तिकालागि सिफारिस भएका उम्मेदवारहरु नेपाल सरकार वा नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका संघ संस्थामा कार्यरत भएमा अनिवार्य रुपमा राजिनामा स्विकृती गरेको प्रमाण पेश गर्नु पर्नेछ । सफल उम्मेदवारहरुले यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र नियुक्ति पत्र लिई सक्नु पर्नेछ । उक्त म्यादभित्र नियुक्ति पत्र बुझी नलिएमा वा नियुक्ति पत्र बुझी लिई बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र सम्वन्धित कार्यालयमा हाजिर हुन नगएमा निजको नियुक्ति स्वतः रद्द हुने व्यहोरा जानकारी गराइन्छ । योग्यताक्रम सिफारिस गरिएको सूचना यस बैंकको Website: www.rbb.com.np को Notice को career notice मा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा र समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ३५।०७३।७४ | मुख्य प्रबन्धक | १० | प्रशासन सेवा र प्रशासन समूह | १ |
| २ | ३६।०७३।७४ | बरिष्ठ प्रबन्धक | ९ | प्रशासन सेवा र प्रशासन समूह | २ |
| ३ | ३७।०७३।७४ | प्रबन्धक | ८ | प्रशासन सेवा र प्रशासन समूह | ३ |
| ४ | ३९।०७३।७४ | उप-प्रबन्धक | ७ | प्रशासन सेवा र प्रशासन समूह | ६ |
| ५ | ४०।०७३।७४ | उप-प्रबन्धक (लेखा) | ७ | प्रशासन सेवा र लेखा समूह | १ |

सदस्य सचिव
पदपूर्ति समिति
राष्ट्रिय बाणिज्य बैंक लिमिटेड